त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय, बल्खु, काठमाडौं ।

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U. Kirtipur

मिति : २०८२/०९/२३

## विद्यावारिधि (PhD) तह अध्ययनका लागि आवेदन खुल्ला गरिएको सूचना !

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयअन्तर्गतको अनुसन्धान समितिको मिति २०८२/०९/२१ गतेको बैठकको निर्णयानुसार यस सङ्कायद्वारा सञ्चालित दर्शनाचार्य (MPhil) तह पूरा गरी विद्यावारिधि (PhD) कार्यक्रम अन्तर्गत २०८२ माघे सत्रमा भर्ना भई अध्ययन गर्न चाहने उम्मेदवारहरूका लागि आवेदन खुल्ला गरिएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवेदन फाराम वितरण तथा बुझिलिने कार्य यस डीनको कार्यालयबाट नै हुनेछ ।

**एमफिलपूरा गरेपछि विद्यावारिधि तहमा आवेदन दिनेहरूको न्यूनतम योग्यता तथा पेस गर्नुपर्ने कागजातहरू निम्नलिखित अनुसारको हुनुपर्नेछ :**

(क) एमफिल परीक्षामा कम्तीमा CGPA 3.0 वा द्वितीय श्रेणी प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ख) एमफिल तहमा उत्तीर्ण गरेको विषयमा मात्र विद्यावारिधि तहमा आवेदन दिन पाइनेछ ।

(ग) आवेदन फारामसँग SLC देखि एमफिलसम्मको लब्धाङ्कपत्र, चारित्रिक तथा मूल प्रमाणपत्र, समकक्षता तथा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ । त्रि.वि. बाहेक अन्य विश्वविद्यालयबाट एमफिल उत्तीर्ण गरेका आवेदकहरूले सो तहको समकक्षताको प्रमाणपत्र अनिवार्य रूपमा पेस गर्नुपर्नेछ, अन्यथा फाराम भर्न पाइनेछैन ।

(घ) डीन कार्यालयले तोकेको ढाँचामा शोधप्रस्ताव, एमफिल तहको शोधप्रबन्धको सारांश र आफूले लेखेको लेख **(Peer-reviewed article with a single author)** तीनवटा फाइलमा एक-एक प्रति संलग्न गरी पेस गर्नुपर्नेछ । बहुलेखन भएको प्रकाशित लेख भएमा आवेदक पहिलो लेखक (First Author) हुनुपर्नेछ । नेपालमा प्रकाशित लेखहरू नेप्जोल (NepJol) मा सूचीकृत भएको, लेखको DOI भएको र लेखको विवरण अनलाइनमा उपलब्ध हुनुपर्नेछ । लेख प्रकाशित भएको जर्नलको आवरण पृष्ठ र विषयसूचीको स्क्यान कपी (Scan Copy) समेत बुझाउनुपर्नेछ । नेपालबाहिर प्रतिष्ठित जर्नलमा प्रकाशित लेखहरू विज्ञसमीक्षित भएको प्रमाण खुल्ने विवरण पेस गर्नुपर्नेछ । Predatory Journal मा प्रकाशित लेख (Article) यस प्रयोजनका लागि मान्य हुनेछैन ।

(ङ) विद्यावारिधि तहको अनुसन्धानमा सामेल हुन चाहने एमफिल वा सो सरहको परीक्षा उत्तीर्ण गरेका विदेशी उम्मेदवारहरूले डीन कार्यालय र सम्बन्धित केन्द्रीय विभागसँग परामर्श गरी **"दर्शनाचार्य तथा विद्यावारिधि कार्यक्रम सञ्चालन विनियम २०७७"** को अधीनमा रही आवेदन दिन सक्ने छन् ।

(च) रीत नपुगेको आवेदन स्वतः रद्द हुनेछ तथा यसमा सङ्कायको कुनै जवाफदेहिता हुनेछैन ।

(छ) यस कार्यालयबाट आवेदन रुजु भई स्वीकृत भएपश्चात् आवेदकले डीन कार्यालयको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखामा रहेको खाता नं. **०४५००१०००९९०४५००००१** मा रू. १५,०००/- (अक्षरेपी रू. पन्ध्र हजार मात्र ) बुझाएको बैंक भौचर आवेदनसाथ पेस गर्नुपर्ने छ ।

**विशेष ध्यानाकर्षण :**

(क) ट्रान्सक्रिप्टलगायत तोकिएका कुनै कागजात पेस गर्न छुट भएका आवेदन स्वतः खारेज हुनेछ ।
(ख) उल्लेखित योग्यता पुगेका आवेदकले मात्र आवेदन शुल्क बापतको रकम बुझाउन सिफारिस गरिन्छ ।
(ग) त्रि. वि.को स्थायी शिक्षक भए स्थायी नियुक्तिको प्रतिलिपि पेस गर्नुपर्नेछ ।
(घ) आवेदन फाराम दर्ता गर्ने मिति २०८२/०९/२३ गतेदेखि २०८२/१०/२७ गतेसम्म तोकिएको छ ।

अन्य जानकारीका लागि डीन कार्यालयमा सम्पर्क गर्न अनुरोध छ । भर्ना लगायत अन्य कुराहरूको जानकारी अर्को सूचनाद्वारा अवगत गराइनेछ ।

डा.खोमराज खरेल
सहायक डीन

Tel: +(997-1) 4-330358, 4-333980; Fax: +(977-1) 4-335104; email: support@tufohss.edu.np website: www.tufohss.edu.np